# मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली ,मकवानपुर,

वागमती प्रदेश ,नेपाल

**मकवानपुरगढी दरवार क्षेत्र प्रवेश तथा सवारी पार्किङ शुल्कको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि सिलवन्दि दरभाउपत्र आव्हानको सुचना**

पहिलो पटक प्रकाशित मितिः २०७८।५।२८

*यस मकवानपुरगढी गाउँपालीकाको मिति २०७८/३/२९ गते वसेको गाउ सभाले स्वीकृत गरेको अर्थिक विधेयक २०७८ को अनुसुचि १० र १३ मा व्यवस्था भए अनुसार आ.व.०७८/०७९ को लागी निम्न अनुसारको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने इच्छुक फर्म वा संघ सस्था वा कम्पनीहरुले निम्नानुसार दस्तुर वुझाइ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र खरीद गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।*

**तपशिल**

१) सिलवन्दी दरभाउपत्र खरीद गर्ने फर्म संघ संस्था वा कम्पनीले दर्ता प्रमाणापत्र ,अन्तरीक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र अ.व ०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्ने छ ।

२) ठेक्का अवधि २०७८असोज१५ गते देखी २०७९ असार मसान्तसम्म हुनेछ ।

३) सिलवन्दी दरभाउपत्र मिति ०७८/६/११ गते कार्यालय समय सम्म यस कार्यालयवाट खरिद गर्न सकिनेछ । खरिद गरिएको सिलवन्दी दरभाउपत्रको सुचना प्रकाशित भएको मितिले १६ औ दिन (२०७८/६/ १२ ) गते दिनको १२ वजे भित्र दर्ता गरि सक्नु पर्ने छ ।

४) रितपुर्वक दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र १६औ दिन (२०७८/६/ १२ ) गते २ वजे यस कार्यालयमा सरकारी कार्यालयको प्रतिनिधि सम्वन्धीत सिलवन्दी दरभाउपत्र दाताको प्रतिनिधिको रोहवरमा खोलीने छ । सिलवन्दी दरभाउपत्र दाताको प्रतिनिधि उपस्थीत नभए पनि वोलपत्र खोल्न कुनै वाधा पुग्ने छैन ।वोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा खोलिनेछ ।

५) धरौटी वापतको रकम नेपाली नागरीक भएमा वोलकोवल अंकको ५ प्रतीशत र विदेशी नागरीक भए १० प्रतीशत रकम यस कार्यालयको नेपाल वंगलादेश वैक मकवानपुरगढी शाखाको खाता नं०६५०००८४१खातामा नगदै दाखीला गरी वा वाणिज्य वैकले जारी गरेको वैक ग्यारेन्टी वोलपत्र फारम साथ संलग्न राखि पेश गर्नु पर्ने छ ।

६) ठेक्का स्वीकृत भएपछी ठेकदारले आफुले कवोल गरेको रकम एकमुष्ठ वुझाएमा १० प्रतीशत सहुलिएत वापत छुट दिइनेछ ।

७) सिलवन्दी वोलपत्र फारममा सिलवन्दी दरभाउपत्रदाताले तोकेको न्युनतम अंक भन्दा कम वोलकवोल गर्न पाइनेछैन । वोलपत्र दाताले सिलवन्दी दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाइ मान्यता दिइने छ ।

८) प्रचलीत कानुन वमोजीम वुझाउनु पर्ने करहरु ठेकदारले स्वयम वुझाउनु पर्ने छ ।

९) यस कार्यालयले तोकेको वाहेक अन्य स्थानमा कर लिन पाइने छैन ।

१०) वन्द हडताल लगायत अन्य कारणावाट ठेकदारलाइ क्षतीपुर्ती पुग्न गएमा ठेकदार स्वम जिम्मवारी हुनु पर्ने छ ।

११) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२) ठेक्का लिने पक्षले प्रचलित कानुन वमोजिम तथा सझौताका शर्तहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ । कार्यालयलाइ क्षती पुग्ने कार्य गरेमा सोको क्षतिपुर्ती ठेकदारवाट सरकारी वाकी सरह असुल उपर गरिनेछ ।

१३) **सम्वन्धीत करको दरहरु सिलवन्दी फारम सगै ठेकदारलाइ उपलव्ध गराइने छ ।**

१४) कवोल ठेक अंकको २५% रकम सम्झौताको वखत र वाकी रकम ४०% फागुन मसान्त भित्र र वाकी ३५% रकम वैशाख मसान्त भित्र वुझाउनु पर्ने छ ।

१५) यस सम्वन्धी अन्य कुनै जानकारी चाहीएमा कार्यालय समय भित्र यस कार्यालयमा वुझ्न सकिने छ वा यस कार्यालयको वेव साइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ ।

१६) यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना वमोजीम र अन्य कुराहरुको हकमा सार्वजनीक खरीद ऐन,२०६३ सार्वजनिक खरीद नियमावली ,२०६४ , स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित कानुन वमोजीम हुने छ ।

**तपसिल**

| ठेक्का नम्वर | ठेक्काको प्रकार | कार्य क्षेत्र | न्यूनतम अंक | वोलपत्र दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दर्ता गर्ने अन्तिम मति र समय | वोलपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| ०४/२०७८/२०७९ | मकवानपुरगढी क्षेत्रमा पार्किङ तथा दरवार क्षेत्र प्रवेश शुल्क | * मकवानपुरगढि दरवार क्षेत्रमा सवारी पार्किङ गरेवापतको आर्थिक ऐन २०७८मा तोकिएको दररेटमा<br>* मकवानपुरगढी दरवार क्षेत्रमा स्वदेशी तथा विदेशी व्यक्तीहरुको | १५,००,०००। अक्षेरुपी पन्द्र लाख रुपैया मात्र | ३,००० अक्षेरुपी तिन हजार रुपैया मात्र | २०७८/६/११ गते कार्यालय समय सम्म | ०७७/६/१२ गते दिउसो १२ वजे सम्म | २०७८/६/१२ गते दिउसो २ वजे |